नगर सभाको सोह्रौं अधिवेशन मिति
२०८१/०९/२६ गतेको बैठकका निर्णयहरु

# कोहलपुर नगरपालिका

## नगर सभा

## सोह्रौं अधिवेशन

२०८१ साल पौष २६ गते भएको नगरसभाको १६ औं अधिवेशनको गतिविधि तथा निर्णयहरु

१. नगर सभाको पहिलो बैठक ११:२५ बजे राष्ट्रिय गान सहित सभाका अध्यक्ष श्री पुर्ण प्रसाद आचार्य द्वारा बैठकको कारबाही प्रारम्भ भयो ।

२. विभिन्न कालखण्डमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनार्थ देशको लागि बलिदानी दिने ज्ञात अज्ञात सहिदहरुको सम्झनामा सबै जना आआफ्नो ठाउँमा उठेर एक मिनेट मौन धारण भयो।

३. सभाका अध्यक्षबाट बैठकको आचारसंहिता, संक्षिप्त सूचि तथा बैठकको रुपरेखाको बारेमा जानकारी गराउनुभयो।

४. नगर उपप्रमुख श्री संगिता सुबेदीले यस नगरपालिकाको चालु आ.ब. २०८१/०८२ को संशोधित बजेट तथा कार्यक्रम र मध्यावधि समिक्षा सहितको प्रगति विवरण प्रस्तुत गर्नुभयो ।

५. यस नगरपालिकाका विभिन्न विषयगत समिति संयोजक ज्यूहरुले चालु आ.ब. को हालसम्ममा भए गरेका प्रगतिका बारेमा जानकारी गराउनुभयो ।

क) श्री ईश्वरी प्रसाद विश्वकर्मा - संयोजक, सामाजिक विकास समिति
ख) श्री अनिता कुमारी बुढा क्षेत्री - संयोजक, आर्थिक विकास समिति
ग) नरेश वान्तवा राई - संयोजक, पूर्वाधार विकास समिति
घ) पबित्रा थारु – संयोजक, विपद तथा वातावरण समिति
ङ) सुनिता सुनार – संयोजक, विधायन समिति
च) सुनिता बिष्ट – संयोजक, सुशासन समिति

६. चालु अधिवेशनको बैठकको दोस्रो सत्र बस्नुपूर्व कार्यपालिका एवं सम्बन्धित सरोकारवालासँग राय परामर्श लिई सबै सदस्यज्यूहरुको हातमा मस्यौदा प्रस्ताव पुग्ने गरी देहायका विषयहरु आगामी बैठकमा छलफल एवं निर्णयका लागि प्रस्तुत हुन एजेण्डा/ प्रस्तावहरु रहने गरी सूचित/टेबुल गर्नुभयो।

क. चालु आर्थिक वर्ष २०८१/०८२ का कार्यपालिकाका निर्णयहरु अनुमोदन सम्बन्धमा
ख. आर्थिक ऐन, २०८१ मा संशोधन सम्बन्धमा



पुर्णप्रसाद आचार्य
नगर प्रमुख

ग. घर नक्सा पास अभिलेखिकरण सम्वन्धमा

घ. भ्युटावर र कोहलपुर वसपार्कको ठेक्का व्यवस्थापन सम्वन्धमा

ङ. फोहोर मैला व्यवस्थापन सम्वन्धमा

च. विविध

७. सभाका अध्यक्षबाट सभाको अर्को बैठक मिति २०७९ पुष २६ गते दिनको ठिक १४:०० बजे बस्ने जानकारी गराउँदै बैठक स्थगन गर्नु भयो ।

८. अघिल्लो बैठकमा टेबुल भएका विषयहरुमा अग्रिम नाम टिपाएका सदस्यहरुले धारणा राख्ने कार्यक्रम रहेकाले सदस्यहरुले आफ्नो धारणा राख्ने एवं दफावार छलफल गर्दा टेबुल भएका कुन विषयसँग सम्बन्धित हो वा समसामयिक विषयमा हो सो खुलाई धारणा राख्न समय दिनुभएको थियो । सभाका सदस्यहरुले देहायका विषयहरु सभा समक्ष उठान गर्नुभयो।

**क) श्री रेखा सुनार (नगर सभा सदस्य, वडा नं. ३)**

- उत्पिडन भएका समुदायको लागी कुनै पनि बजेट व्यवस्थापन नभएको,
- दलित समुदाय पछाडी परेको हुँदा राज्यको पहुँचमा समान सहभागिता कायम गर्ने,
- पेशा र सिपलाई आधुनिकिकरण गर्ने ।

**ख) श्री देउमान डाँगी (नगर सभा सदस्य, वडा नं. ५)**

- विकास भएको देखिएको,
- ५ नं. वडामा १ करोड ५० लाखको योजना समावेश गरिएकोमा खुसि व्यक्त,
- सम्पूर्ण वडा र नगरपालिकामा भएको विकास प्रति सन्तुष्टि भएको व्यक्त।

**ग) श्री गोविन्द वाग्ले (नगर सभा सदस्य, वडा नं. ६)**

- विद्यालयमा विपद् आएको बेला कसरी जोखिम न्युनिकरण गर्ने भन्ने नआएको, सामाजिक विकास समिति संयोजकले राख्न छुटाएको,
- भुमिगत पानीबाट ५/६ वर्षमा कोहलपुर नगरपालिका बासिहरुले खान मिल्ने र बबहि डाईभर्जनबाट कोहलपुर नगरभित्र पानी ल्याउन पहल गर्ने,
- रासि खोलाबाट पानी प्युरीफाई गरि खानेपानीको व्यवस्थापन गर्नको लागी पहल कदमी गर्ने,
- वडा र नगरपालिकाले बनाएको नाली ढलनिकासको लागी उचित प्लान बनाएर गर्ने।



पुर्णप्रसाद आचार्य
नगर प्रमुख

घ) श्री गंग वि.क.(नगर सभा सदस्य, वडा नं. १)

- कुनैपनि वडाले दलित समुदायको विकासको लागी बजेट नछुटाएको,
- सिपमुलक तालिमको लागी कार्यक्रम र बजेट व्यवस्थापन गर्नुपर्ने,
- सिद्धार्थ टोलमा बाटो निर्माणको लागी बजेट अपुग भएकोले जनताहरु असन्तुष्ट भएको।

ङ) श्री कविराम पुलामी मगर (नगर सभा सदस्य, वडा नं. ११)

- वडाको सिमाको विवाद भएको बैजनाथ गाउँपालिकासँग जोडिएको,
- वडा नं. १ मा खानेपानीको समस्या देखिएको कसरी समाधान गर्ने,
- उपभोक्ता समितिको बेरुजु कसरी आयो, छानबिन समिती बनाएर क-कस्ले तिर्ने।

च) श्री भिम पौडेल (नगर सभा सदस्य, वडा नं. १०)

- बजेट सम्झौता र अख्तियारी सगँसगैं जानुपर्ने,
- डुडुँवा खोलाले कटान गर्दै आएको र कालान्तरमा ठुलो क्षेति ल्याउन सक्ने भएको हुदाँ बेलैमा सचेत रही विपद व्यवस्थापनका लागी तटबन्धन गर्नुपर्ने,
- प्रत्येक पटक कित्ता काटगर्दा बाटो सानो भएको हुदाँ सरकारी मापदण्ड अनुसार ६ मिनेटको बाटो कायम हुने गरि जग्गाको कित्ता काट हुनुपर्ने

छ) श्री गोमा खनाल (नगर सभा सदस्य, वडा नं. १३)

- भौगोलिक रुपले ठुलो रहेको वडा नं. १३ ले वडा सिलिङ बाहेक अन्य कुनै बजेट लिन र विनियोजित हुन नसकेको,
- कृषि पकेट क्षेत्र घोषणा भए बमोजिम कृषि बिमा, पशु बिमा र बिउ बिजनको व्यवस्थापन गर्नुपर्ने,
- प्राकृतिक अस्पताललाई बजेटको व्यवस्थापन गरी बजेट उचित कार्य गर्ने,
- ज्येष्ठ नागरीकलाई न्यानो कपडा ब्लाङकेट ५ थान कसरी वितरण गर्ने,
- बोडिङ स्कुलको पोसाक परिवर्तन गर्दा अभीभावक असन्तुष्ट भएको हुदाँ उपयुक्त मापदण्डको व्यवस्थापन गर्नुपर्ने,
- विपद व्यवस्थापन समितिको संयोजकबाट जवाफ चाहिने- वडा नं. १३ मा आगलागी हुदाँ ७ परिवारले राहात पाएको खोई,
- विद्युत ट्रान्सफर्मर व्यवस्थापन गरी प्रति युनिट रु.१८ दरले विद्युत महशुल तिर्दै आएको।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

ज) श्री कल्पना शर्मा (नगर सभा सदस्य, वडा नं. ११)

- राजमार्गले छोएका बाटाहरुबिच हुनुपर्ने,
- भ्यु टावर व्यवस्थापन (गार्डेन बनाउने),
- ढल निकासको लागी उपयुक्त दिर्घकालिन सोच र रणनिति बनाउनु पर्ने,
- मुक्त कमैयाको फुकुवा प्रक्रियामा लिनुपर्ने,
- गौरवका योजनाहरु नभएको,

झ) श्री बद्रि जैसी (नगर सभा सदस्य, वडा नं. १)

- ऐलानि जग्गाको लालपुर्जाको लागी पहल गर्नु पर्ने,
- नयाँ उदारणीय कार्य गर्नु पर्ने,
- आवास कार्यक्रम कहाँ गएको छ ?

ञ) श्री ठग्गा थारु (नगर सभा सदस्य, वडा नं. ७)

- थारु समुदायको लागी बजेट छुटाएको खोई,
- थारु समुदायको मौलिकता, भेषभुषा हराउदै आएको छ,
- बजेट बनाउँदा शहरमुखी भन्दा गाउँमुखी बनाउनुपर्ने।

ट) श्री दिपेन्द्र श्रेष्ठ (नगर सभा सदस्य, वडा नं. ५)

- कोहलपुर नगरपालिका वडा नं. ५ मा रहेको सार्वजनिक जग्गा ५ बिघा मेडिकल कलेजले लिजमा लिएको छु भनि भनेको तर हामीले हालसम्म प्रतिवेदन माग नगरिएको,
- महेन्द्र राजमार्गमा रहेका टहरा हटाइएको तर तिनिहरुको उचित व्यवस्थापन गर्न नसकिएको,
- कर्मचारीलाई प्रोत्साहन भत्ता नदिई कटौती गरिएको हुँदा सेवा प्रवाह चुस्त दुरुस्त, गुणस्तर र सरल नभएको हो की ?
- सिद्धार्थमा बिमा भौतिक संरचना व्यवस्थापन हुन नसकेको,
- ढल निकासको लागी गुरुयोजना तयार गर्नुपर्ने (ड्रोन मार्फत)।

ठ) श्री लाल बहादुर राना (नगर सभा सदस्य, वडा नं. ८)

- रंगशाला बन्दै गएको र ठेक्का आह्वान हुने,

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

- डिजिटल कोहलपुर भएको सम्पुर्ण चोकहरुमा CC Camera बाट निगरानी गरिएको,
- सम्पूर्ण विद्यालयमा विषयगत शिक्षक राखिएको,
- विद्युतीय ई-हाजिरीको व्यवस्थापन भएको,
- कोहलपुर नगरपालिका भित्र शवदाह गृह निर्माण गरिएको,
- नापी, मालपोत र यातायात कार्यालय कोहलपुरमा स्थापना गरी संचालन शाखा राखिएको,
- खेलकुदको क्षेत्रमा मेयर कप, उपमेयर कप, गोल्डकप र वडा कप संचालन गरीदै आएको,
- घर नक्सा पास अभिलेखिकरणको कार्यलाई यथाशिघ्र कार्यान्वयनमा ल्याउने,

ड) श्री माधव रिजाल (नगर सभा सदस्य, वडा नं. ३)

- साविक रझेना गा.वि.स. ७(क) र (ख) मा जग्गा हराएको हुंदा उक्त नापी कार्यालयसगँ समन्वय गरी समाधान गर्नुपर्ने,
- कोहलपुरमा लगानी सम्मेलन राख्नुपर्ने,
- हेल्पडेक्स कर्मचारी व्यवस्थापन गर्नुपर्ने,
- हरियालि विरुवा रोपन गर्नुपर्ने,
- पपलाइफ होटेल अगाडी आकाशे पुल निर्माण गर्नुपर्ने ।

ढ) श्री हरी कठायत (नगर सभा सदस्य, वडा नं. २)

- मुक्त कमैया लालपुर्जा फुकुवा गर्नुपर्ने,
- ऐलानी जग्गाको लालपुर्जा वितरणका लागी पुर्व तयारी गर्नुपर्ने,
- खोपकेन्द्र नभएको उक्त खोपकेन्द्र मर्मत तथा संभार गरी व्यवस्थित गर्नुपर्ने,
- छिमेकी राष्ट्र भारतमा नेपाली सेना भर्नाका लागी पहल गर्न नेपाल सरकारलाई ध्यानाकर्षण गर्नुपर्ने।

ण) श्री बिरेन्द्र कुमार शाह (नगर सभा सदस्य, वडा नं. १२)

- वडा नं. १२, १३ र २ मध्यवर्ति क्षेत्रमा रहेको हुदाँ पर्यटन प्रवर्द्धन गर्न सकिने र जँगली जनावरबाट भय रहित तवरले बच्नको लागी आवश्यक पहल गर्नुपर्ने,
- कोहलपुर नगरपालिकाको वडा नं. १२ को चप्परगौडीमा रहेका अव्यवस्थित शहरको उचित व्यवस्थापन गर्नुपर्ने,
- जनता आवासको कार्यक्रम ३ वटा वडालाई मात्र वितरण गर्न सकिएको,
- बाटो विवादको लागी सर्भे कार्य गर्नुपर्ने,

पूर्णप्रसाद आचार्य
नगर प्रमुख

- क्षेयरोगको बिरामिले निःशुल्क औषधि पाउनुपर्ने,
- बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्ने,
- स्थानिय पाठ्यक्रममा सामाजिक विकास समिति संयोजकले पेश गर्नुपर्ने।

९. नगर सभा सदस्यहरुले उठान गरेका विषयहरुमा सभाध्यक्षले जवाफ सहित संम्बोधन गरी थप स्पष्ट पार्नुभयो ।

१०. नगर सभाको बैठकमा टेबुल भएका देहायका प्रस्तावमा सभा अध्यक्षद्वारा थप प्रष्ट गर्दै निर्णायार्थ पेश गर्नुभएकोमा देहायका प्रस्तावहरु ध्वनिमतका आधारमा पारित भयो ।

११. २०८१ श्रावण देखि हाल सम्मको नगर कार्यपालिकाका विभिन्न मितिका निर्णयहरु(वेवसाईट मार्फत सार्बजनिक गरिएको), विषयगत समितिका निर्णयहरु अनुमोदन गरियोस भनी पेश भएको प्रस्ताव ध्वनी मतका आधारमा पारित भएको ।

१२. आर्थिक ऐन, २०८१ को अनुसुची ८ मा छुट भएको विज्ञापन करका दररेट लुम्बिनी प्रदेश विज्ञापन नियमावली २०७६ को नियम ८ को उपनियम १ बमोजिम हुने गरी आर्थिक ऐन, २०८१ मा संशोधन गर्ने।

१३. यस नगरपालिका भित्र घरनक्सा इजाजत विना निर्माण सम्पन्न भएका तथा इजाजत लिई पश्चात मापदण्ड विपरित निर्माण सम्पन्न भएका भवन तथा घरहरुको हकमा पुनः २०८२ असार मसान्त सम्म अभिलेखिकरण प्रमाणपत्र लिईसक्ने गरी घरनक्सा अभिलेखिकरणका लागि निवेदन पेश गर्न सूचना प्रकाशन गर्ने ।

१४. कोहलपुर न.पा. ११ गोलपार्कमा रहेको भ्युटावर र कोहलपुर बसपार्क टर्मिनल भवनको लागि पटक पटक बोलपत्र आह्वान गर्दा कुनै पनि बोलपत्र पेश नभएको हुँदा सो सम्बन्धमा सर्वदलिय, सर्वपक्षिय बैठक, लगानी सम्मेलनको राय तथा विज्ञहरुको सल्लाह सुझाव बमोजिम आगामी बोलपत्र आह्वान गर्दा कम्तिमा ठेक्का सम्झौताको समयावधि १५ वर्ष कायम गरी सूचना प्रकाशन गर्ने एवं सोही बमोजिम ठेक्का व्यवस्थापन कार्य गर्ने ।

१५. कोहलपुर नगरपालिकाको फोहरमैला व्यवस्थापनका लागि कोहलपुर न.पा. १० स्थित सरस्वती सामुदायिक वनसँग सम्झौता गरि फोहरमैला व्यवस्थापन हुँदै आएकोमा र हाल प्राविधिक समस्याका कारण फोहरमैला व्यवस्थापन विसर्जनका लागि समस्या देखिएकोले विभिन्न संघ संस्थाहरु संग समन्वय र सहकार्य गरी दिर्घकालिन समस्या सामाधानका लागि प्रक्रिया अगाडी

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

बढाउने । कोहलपुर नगरपालिका र सरस्वती सामुदायिक वन बीच मिति २०७९/०४/२३ मा भएको सम्झौतालाई चालु आ.ब. मा समेत निरन्तरता दिई कार्यान्वयन गर्ने ।

१६. चालु आर्थिक वर्षको श्रावणदेखि आजको मिति सम्म अघिल्लो सभाबाट अधिकार पाई नगर कार्यपालिका एवं नगर प्रमुख स्तरीय निर्णयबाट भए गरेका सम्पूर्ण निर्णय तथा कार्यहरुको अनुमोदन एवं आगामी नगर सभाको अधिवेशन बस्नु पूर्व यस सभालाई प्राप्त अधिकारहरु मध्ये अत्यावश्यक भएमा सो प्रयोग गरी निर्णय एवं कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

१७. वडा समिति एवं विभिन्न विषयगत समितिहरुको सिफारिसमा नगर कार्यपालिकाबाट संसोधन भएका सम्पूर्ण योजनाहरु अनुमोदन गर्ने ।

१८. चालु आर्थिक वर्षको श्रावणदेखि आजको मिति सम्म अघिल्लो सभाबाट अधिकार पाई नगर कार्यपालिका एवं नगर प्रमुख स्तरीय निर्णयबाट भए गरेका सम्पूर्ण खर्च, निर्णय तथा कार्यहरुको अनुमोदन गर्ने एवं आगामी नगर सभाको अधिवेशन बस्नु पूर्व यस सभालाई प्राप्त अधिकारहरु मध्ये अत्यावश्यक भएमा सो प्रयोग गरी निर्णय एवं कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने।

१९. नगरपालिकाको चालु आ.ब. २०८१/०८२ को बजेट, योजना तथा कार्यक्रममा यसैसाथ संलग्न अनुसूची १ बमोजिम संशोधन गर्ने ।

२०. आ.ब. २०८०/०८१ को यस नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कन(LISA), स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) को नतिजा अनुमोदन गरी सार्वजनिक गर्ने ।

२१. नगरपालिकाको योजना अनुगमन तथा सुपरिवेक्षण समितिले चालु आर्थिक वर्षमा अनुगमन गरी भुक्तानीका लागि सिफारिश गरे अनुसारका योजना तथा कार्यक्रमको भुक्तानी कार्यलाई अनुमोदन गर्ने ।

२२. यस नगरपालिकाको चालु आ.ब. २०८१/०८२ को बार्षिक बजेट पुस्तिकाको पेज नं. १४६ को सि.नं. ३१ र ३२ मा "भुक्तानी दिन बाँकी दायित्व चालु (अनुसुची ०२) र पेज नं. ९२, ९३ र ९४ मा भुक्तानी दिन बाँकी दायित्व पुँजिगत (अनुसुची ३ र ४) हुनुपर्नेमा अन्यथा भएकोमा सोलाई सच्याउने ।

२३. विभिन्न वडामा कालोपत्रे सडक ठेक्का नं. KOMUN/NCB-04/2078/79 को पन्ध्रौ नगरसभाको निर्णय बमोजिम सुविस्ताको आधारमा ठेक्का सम्झौता रद्द गरिएकोमा दायित्व फरफारक गर्नुपर्ने देखिएकाले निर्माण कार्य

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

सम्पन्न भई भुक्तानी भईनसकेको सरस्वती मा.वि. भवन निर्माण ठेक्का नं. KOMUN/NCB-03/078/79 को म्याद थप गरी र आवश्यक परे सोही व्यवसायीको अन्य योजनाको धरौटी समेत लिई दायित्व फरफारक गर्ने ।

२४. बजार टोल विकास सँस्थाको गत बर्षको चेक नं. ३१२८१९४१ को रकम रु ५८,४९४।– को चेक साट्न बाँकी भएकाले भैपरी आउने चालु तर्फबाट भुक्तानी दिने ।

२५. कोहलपुर नगरपालिकाको न्यायिक समितिबाट चालु आर्थिक वर्षको न्याय निरुपणको क्रममा भए गरेका कारवाही एवं निर्णयलाई अनुमोदन गर्ने ।

२६. कोहलपुर नगरपालिकाको पन्ध्रौं नगरसभामा समावेश नभएका तर नगर कार्यपालिकाको विभिन्न बैठकबाट विनियोजन, छनौट तथा कार्यान्वयन गरिएका सबै नयाँ योजनाहरुमा भएको विनियोजन, खर्च तथा भुक्तानीलाई अनुमोदन गर्ने ।

२७. यस नगरपालिका अन्तर्गत करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा नगर कार्यपालिकाको मिति २०८१/०९/२५ को निर्णय अनुमोदन गरी सोही बमोजिम २०८२ असार मसान्त सम्मका लागि म्याद थप गर्ने ।

२८. यस नगरपालिकामा विगत लामो समयदेखि दैनिक ज्यालादारीमा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुलाई करार सेवामा नियुक्तिका लागि कार्यपालिकाबाट प्रस्ताव भई आएकोमा निजहरुसँग २०८१ माघ १ गतेदेखि सेवा करार गरी कामकाजमा लगाउने ।

<u>तपशिल:</u>

क) हरि प्रसाद काफ्ले – सव. ईन्जिनियर
ख) युवराज खत्री – कार्यालय सहयोगी
ग) प्रमिता कुमारी थारु – कार्यालय सहयोगी
घ) राजकुमारी हमाल – कार्यालय सहयोगी
ङ) गोपाल सुनार – ईलेक्ट्रिसियन(तह २)

२९. चालु आर्थिक वर्षमा विभिन्न शीर्षकबाट नगर प्रमुखको तोक आदेश बमोजिम भएका आर्थिक सहायता लगायतका विभिन्न भैपरी कार्यक्रममा भएका विनियोजन, खर्च तथा भुक्तानीलाई अनुमोदन गर्ने ।

३०. आ.व. २०८१/८२ को बाँकि जिल्लाको दररेट लाई नै कोहलपुर नगरपालिकाको दररेट कायम गर्ने।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

नगर सभाको सोह्रौं अधिवेशन मिति
२०८१/०९/२६ गतेको बैठकका निर्णयहरु

३१. कोहलपुर नगरपालिका अन्तर्गत सञ्चालित ५ लाख सम्मका योजना तथा कार्यक्रमहरुको अनुगमन सम्बन्धित वडा स्तरीय अनुगमन समितिबाटै गर्ने ।

३२. हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठान र सुशिल कोइराला स्मृति प्रतिष्ठान कोहलपुर लाई रझेना ४(ख) कि.नं. ९८ बाट क्रमशः २ र ३ कठ्ठा जमिन  र मदन आश्रित स्मृति प्रतिष्ठानलाई चटार ३(क) कि.नं. ९०१ बाट २ कठ्ठा १७ धुर जमिन उपलब्धताका लागि सम्बन्धित निकायलाई सिफारिस गर्ने ।

३३. ठेक्का नं. BANKE/KOMUN/W/NCB-02/77/78 कभर्ड हल निर्माण कार्यको म्याद २०८२ असार मसान्तसम्म थप गर्ने ।

३४. वडा समिति एवं विभिन्न विषयगत समितिहरुको सिफारिसमा यस अवधिमा नगर कार्यपालिकाबाट संसोधन भएका वडा समिति एवं शाखाको सिफारिस बमोजिमका यसै निर्णयको अनुसूची २ बमोजिमका योजनाहरुको संशोधन अनुमोदन गर्ने ।

३५. यस नगरपालिका अन्तर्गत नगर अस्पतालमा कार्यरत मेडिकल अधिकृतलाई २०८१ माघ महिनादेखि प्रोत्साहन भत्ता वापत मासिक रु.२०,०००।– उपलब्ध गराउने ।

३६. सभाका अध्यक्षद्वारा सभामा उठेका विविध विषयहरुको जवाफ सहित आफ्नो धारणा राख्दै नगरपालिकाको चौधौं अधिवेशन संचालनको क्रममा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु, सरोकारवाला महानुभावहरु, पत्रकार ज्यूहरु लगायत सम्पूर्णमा धन्यवाद दिँदै बैठकको समापन गर्नुभयो ।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख